म.प. बैठक संख्या २५९/०८३ को बैठकको निर्णय

संवत् २०८३ साल असोज २८ गते बसेको सुदूरपश्चिम प्रदेश सरकार, मन्त्रिपरिषद्को २५९औं बैठकको निर्णय निम्नानुसार रहेको छ —

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय-

- नेपाल सरकारको निर्णयानुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश वा अन्तर्गत कामकाजमा खटाइनुभएका नेपाल प्रशासन सेवा, रा.प. प्रथम श्रेणीका प्रदेश सचिव श्री बलराम रिज्याललाई आर्थिक मामिला मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलालीको प्रदेश सचिव पदमा पदस्थापन गरी कामकाजमा खटाउने।
- सुदूरपश्चिम प्रदेश निजामती सेवा (तेस्रो संशोधन) नियमावली,२०८३ को मस्यौदा स्वीकृत गर्ने ।

२. आर्थिक मामिला मन्त्रालय-

- सम्वत् २०८३ साउन १ गतेदेखि लागू हुनेगरी प्रदेश निजामती सेवा र प्रदेशभित्रका स्थानीय तहमा स्थानीय सेवामा कार्यरत कर्मचारीहरूको नयाँ तलबमान र प्रोत्साहन भत्ताको रकम कायम गर्ने ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश